निर्णय पुस्तिका

वैठक संख्या-९

आज मिति २०७८ साल माघ १७ गते सोमवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री धन कुमार राई | |
| १९ | प्रशासन शाखा | श्री अजेश राई | |
| २० | | | |

आमचोक गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वालंखा, भोजपुर १ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. अगाडीको वैठकको समिक्षा सम्वन्धमा
२. करार कर्मचारीहरुको म्याद थप सम्वन्धमा
३. सहकारी ऋण कोष लगानी सम्वन्धमा
४. छुवाछूट मुक्त स्वघोषणा आयोजक मूल समारोह समिति गठन सम्वन्धमा
५. साना सिंचाई कार्यक्रमको लागि समपुरक कोषवाट वजेट विनियोजन सम्वन्धमा
६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राविधिक सहायक छनौट सम्वन्धमा
७. खानेपानी योजनाको म्याद थप सम्वन्धमा
८. राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रमको वजेट तथा योजना स्वीकृति सम्वन्धमा
९. साना लघुजलविद्युत मर्मत सम्भार सम्झौता सम्वन्धमा
१०.स्थानीय कानून निर्माण सम्वन्धमा
११.राजश्व सुधार योजनाको लागि परामर्श सेवा माग गर्ने सम्वन्धमा
१२.लेखा शाखा प्रमुखको थप प्रोत्साहन भत्ता सम्वन्धमा
१३.कोल्ड स्टोर निर्माणको लागि निशुल्क जग्गा दान आह्वान सम्न्धमा
१४. वडा नं ९ को झोलुङ्गे पुल मर्मतको सिफारिस सम्वन्धमा
१५.सोलार जडान ढुवानी खर्च सम्वन्धमा
१६.खानेपानी पानी पाइप उपलव्ध गराउने सम्वन्धमा
१७. खेल पूर्वाधार निर्माणको लागि आवेदन पेश सम्वन्धमा
१८.नव -प्रवर्तन साझेदारी कोष कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा
१९. आर्थिक सहयोग सम्वन्धमा

प्रस्ताव नं.१ माथि छलफल भइ मिति २०७८ पौष २९ गते कार्यपालिकादेखि भएको निर्णयहरुको विषयमा समिक्षा गर्दा सवै निर्णयहरु कार्यन्वयन भएको ।

प्रस्ताव नं.२ माथि छलफल भइ न्याय/प्रशासन/प्राविधिक,स्वास्थ्य र उर्जा सेवातर्फका तपशिल वमोजिमको कर्मचारीहरुको करार म्याद २०७८ पौष मसान्त देखि समाप्त भएकोले म्याद समाप्त भएको मिति देखि लागु हुने गरी २०७९ असार मसान्त सम्मको लागि करार सम्झौताको म्याद थप गर्ने ।

| सि.न. | नाम थर | सेवा/समूह | ठेगाना | पद |
|---|---|---|---|---|
| १. | सविना राई | न्यायिक समिति तर्फ | टेम्केमैयु गा.पा.-३ | कानुनी सल्लाहकार |
| २. | मनिराज कार्की | प्रशासन तर्फ | आमचोक गा.पा.-४ | कार्यालयको सहयोगी |
| ३. | प्रतिक्षा शंकर | प्रशासन तर्फ | आमचोक गा.पा.-४ | कार्यालय सहयोगी |
| ४. | प्रविना राई | प्रशासन तर्फ | आमचोक गा.पा-१ | कार्यालय सहयोगी |
| ५. | समिक्षा राई | प्रशासन तर्फ | आमचोक गा.पा-७ | कार्यालय सहयोगी |
| ६. | अनिता राई श्रेष्ठ | प्रशासन तर्फ | आमचोक गा.पा.-०९ | कार्यालय सहयोगी |
| ७. | किसान राई | प्रशासन तर्फ | आमचोक गा.पा-८ | कार्यालय सहयोगी |
| ८. | गोपाल रम्तेल | प्राविधिक तर्फ | षडानन्द न.पा.-११ | सव-इन्जिनियर |
| ९. | अभिषेक कार्की | प्राविधिक तर्फ | आमचोक गा.पा.-३ | अ.सव-इन्जिनियर |
| १०. | रमाना विष्ट | प्राविधिक तर्फ | हतुवागढी गा.पा-४ | अ.सव-इन्जिनियर |
| ११. | असिम राई | हे.स.च/ह.स.च तर्फ | आमचोक गा.पा.-१० | हे.स.च. -हलुका सवारी |
| १२. | अर्जुन सुवेदी | हे.स.च/ह.स.च तर्फ | आमचोक गा.पा.-३ | ह.स.च.- ट्राक्टर |
| १३. | गँगा वहादुर कार्की | हे.स.च/ह.स.च तर्फ | आमचोक गा.पा-४ | ह.स.च.- एम्वुलेन्स |
| १४. | सुसिता चौधरी | स्वास्थ्य तर्फ | शम्भुनाथा गा.पा.४ | ल्याव असिस्टेन्ट |
| १५. | निशा विष्ट | | आमचोक गा.पा-४ | अ.न.मी. |

प्रमुख प्रशासकीय अधिकृत २०७८/१०/१६

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर १ नं. प्रदेश नेपाल

अशोक राई अध्यक्ष २०७८/१०/१६

| | | | | |
|---|---|---|---|---|
| १६. | गौमाया राई | स्वास्थ्य तर्फ | आमचोक गा.पा-६ | अ.न.मी. |
| १७. | उद्धव विश्वकर्मा | स्वास्थ्य तर्फ | आमचोक गा.पा-१ | का.स. |
| १८. | सुनिता वस्नेत | स्वास्थ्य तर्फ | आमचोक गा.पा-२ | का.स. |
| १९. | निमा शेर्पा | स्वास्थ्य तर्फ | आमचोक गा.पा-२ | का.स. |
| २०. | अचम्ममाया राई | स्वास्थ्य तर्फ | आमचोक गा.पा-६ | का.स. |
| २१. | सन्तोष राई | स्वास्थ्य तर्फ | आमचोक गा.पा-१० | का.स. |
| २२. | दिकपाल राई | उर्जा ( ज्यालादारी) | आमचोक गा.पा. ३ | फिल्ड सहजकर्ता |

प्रस्ताव नं.३ माथि छलफल भइ आमचोक गाउँपालिकाको सहकारी ऋणकोष संचालन कार्यविधि २०७७ वमोजिम प्रकृया पुरा गरी आवेदन दिइ सिफारिस भइ आए वमोजिम तपशिल वमोजिम सहकारी संस्थाहरुलाई जम्मा रु.४०,००,०००। (अक्षेरुपी रु चालिस लाख मात्र) ऋण लगानी गर्ने ।

| सि.न. | सहकारी संस्थाको नाम र ठेगाना | स्वीकृत ऋण रकम रु. |
|---|---|---|
| १ | सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड,देवानटार ८,भोजपुर (हाल आमचोक ६ र ७) | ५ लाख |
| २ | पव्लिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडक,आमचोक ४,बालंखा ,भोजपुर । | १० लाख |
| ३ | हिमचुली वचत तथा ऋण सहकारी संस्था लिमिटेड ,पाँचा ८,भोजपुर ( हाल आमचोक १०) | ५ लाख |
| ४ | श्री संयुक्त शान्ति कृषि सहकारी संस्था लि. आमचोक ३ | ३ लाख |
| ५ | एकुखा खोला चिसापानी वहुउद्येश्य सहकारी संस्था लि. आमचोक ८ र ९ | ३ लाख |
| ६ | दुम्माना महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, दुम्माना ५, भोजपुर (हाल आमचोक ९) | ४ लाख |
| ७ | आमचोक कृषि सहकारी संस्था लि.आमचोक | १० लाख |
| | जम्मा | ४० लाख |

प्रस्ताव नं.४ माथि छलफल भइ आमचोक गाउँपालिकालाई मिति २०७८ फाल्गुन १ गते छुवाछूट मुक्त घोषणा गर्ने र १०१ सदस्यिय छुवाछुवा मुक्त स्वघोषणा मूल आयोजक समिति गाउँपालिकाको अध्यक्ष ज्यूको संयोजकत्वमा तपशिल वमोजिम गठन गर्ने ।

- संयोजक - गा.पा.अध्यक्ष -१
- सदस्य - गा.पा.उपाध्यक्ष-१
- सदस्य - सवै वडाका वडा अध्यक्षहरु-१०
- सदस्य - सवै कार्यपालिका सदस्यहरु-५
- सदस्य - राजनैतिक दलका प्रमुखहरु( नेपाली कांग्रेस -१,नेकपा एमाले-१ र नेकपा माओवादी केन्द्री -१)-३
- सदस्य-कानुनी सल्लाहकार-१
- सदस्य-दलित विज्ञ-१
- सदस्य - सुरक्षा निकायका प्रमुखहरु-५
- सदस्य - वालक्लव संजाल -१
- सदस्य-शिक्षक महासंघ-१
- सदस्य - सहकारी संस्थाको प्रतिनिधिहरु-८
- सदस्य-चोमोलुङ्मा एफ एम-१
- सदस्य - उद्योग वाणिज्य संघको प्रमुख-१
- सदस्य - विद्यालयका प्र.अ.हरु-४३
- सदस्य - नागरिक समाज -४
- सदस्य-वडा सचिव-८
- सदस्य-शिक्षा शाखा प्रमुख-१
- सदस्य-स्वास्थ्य शाखा प्रमुख-१

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर १ नं. प्रदेश,नेपाल

प्रमुख प्रशासकीय अधिकृत २०७८/१०/१७

२०७८/१०/१७ अशोक राई अध्यक्ष

- सदस्य-अगुवा दलितहरु-४
- सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत-१

प्रस्ताव नं.५ माथि छलफल भइ साना सिंचाइ कार्यक्रमको लागि संघीय सरकार,प्रदेश सरकार,स्थानीय सरकार र उभोक्ता समितिको संयुक्त साझेदारीमा संचालन भइरहेकोले तपशिल वमोजिमको योजनाहरुको लागि स्थानीय सरकारद्वारा व्यहोर्नु पर्ने २० प्रतिशत हुन आउने जम्मा रकम रु.२३११७६९.६६। (अक्षेरुपी रु.तेइसलाख एघार हजार सातसय उनन्सत्तरी रुपैया छैसठी पैसा मात्र) नेपाल सरकार वितिय समानीकरण अनुदान अन्तर्गत आमचोक गाउँसभाले विवियोजित समपुरक कोष शिर्षकको रु.१०२,४०,०००। देखि विनियोजन गर्ने ।

| क्र.सं. | साना सिंचाई कार्यक्रम | ठेगाना | रकम (२० %) | जम्मा लागत |
|---|---|---|---|---|
| १ | तोयम्पा सिंचाइ योजना | आमचोक ८ | ८६३४२१.९७ | ४३१७१०९.८३ |
| २ | लसुने खोला सिंचाइ योजना माझखानी | आमचोक ९ | ५३७८१९.९५ | २६८९०९९.७४ |
| ३ | ठेसुवा खोला सिंचाइ योजना | आमचोक १० | ९१०५२७.७४ | ४५५२६३८.७१ |
| | **जम्मा** | | **२३११७६९.६६** | **११५५८८४८.२८** |

प्रस्ताव नं.६ माथि छलफल भइ प्रधान मन्त्री रोजगार कार्यक्रम अन्गर्गत रिक्त (प्राविधिक सहायक)सहायक स्तर पाँचौ पदको करार सेवामा पदपूर्ती गर्ने ।

प्रस्ताव नं.७ माथि छलफल भइ Construction of RVT and Pipeline Works for Hattipaile Watersupply Project at Aamchowk Rural Municipality **को निर्माण कार्य**को लागि यस कार्यालय र श्री **स्वामिनारायण निर्माण सेवा,धरान-१०, सुनसरी** वीच उक्त निर्माण कार्य मिति २०७७/०३/२४ मा सम्झौता भई २०७८/०३/२३ भित्र सम्पन्न हुने गरी कार्यादेश दिइएकोमा कोभिड-१९ (CORONA VIRUS) माहामारिको कारण सामाग्रि ढुवानिमा समस्या आएकोले समयमा निर्माण कार्य सम्पन्न गर्न नसकी निर्माण व्यवसायीले मिति २०७८/०३/०३ मा पेश गरेको निवेदनमा पहिलो म्याद थपको लागि थप नियमानुसार म्याद थप गर्न माग गरेको र **मिति २०७८/०३/२३ देखि २०७८/०९/२३** सम्म आ. सा. ख. नि. २०७६ को नियम १२९(२ र ३) अनुसार म्याद थप भएकोमा पहिलो म्याद थप भएको अवधिसम्म पनि कोभिड-१९ (CORONA VIRUS) महामारि पुर्ण रुपमा नियन्त्रणमा नभएको र महामारिको कारण सामान ढुवानि तथा जनशक्ति जुटाउन समस्या भएको कारणले गर्दा समयमा निर्माण कार्य सम्पन्न गर्न नसकी निर्माण व्यवसायीले मिति २०७८/०९/०१ मा पेश गरेको निवेदनमा दोस्रो म्याद थपको लागि थप नियमानुसार म्याद थप गर्न माग गरेको र आ.सा. ख. नि. २०७६ को नियम १२९ अनुसार जाँचबुझ गर्दा उक्त निवेदन म्याद सकिन भन्दा एक हप्ता अगाडीकै मितिमा पेश भएको साथै निर्माण व्यवसायी र यस कार्यालयले काबु बाहिरको परिस्थितिले गर्दा कार्य सम्पन्न गर्न नसकिएको हुँदा र नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८/५/३ को बैठकको निर्णय अनुसार कोभिड १९ (CORONA VIRUS) को बन्दाबन्दी तथा निषेध आदेशको कारण काम सम्पन्न हुन नसकेका चालु अवस्थामा रहेका खरिद सम्झौताको म्याद सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको निवेदनका आधारमा बोलपत्र स्वीकृत गर्ने पदाधिकारीले म्याद थपको आवश्यकता र औचित्य बिश्लेषण गरी नेपाल सरकारलाई थप लागत वा दायित्व नपर्ने र म्याद थप बापत आर्थिक वा अन्य कुनै दायित्व नपर्ने गरी त्यस्तो खरिद सम्झौताको म्याद बढीमा २०७८ चैत्र मसान्त सम्म थप गर्ने भनि नेपाल सरकार,अर्थ मन्त्रालय,बजेट तथा कार्यक्रम महाशाखाको मिति २०७८/०५/२१ को च.न. ६६ को पत्रमा उल्लेख भएको हुँदा मिति २०७८/०९/२३ देखि २०७८/१२/२३ सम्म आ.सा.ख.नि. २०७६ को नियम १२९(२ र ३) अनुसार यस कार्यलयलाई म्याद थप गरे बापत आर्थिक वा अन्य कुनै किसिमको दायित्व नपर्ने गरी म्याद थप गर्ने ।

प्रस्ताव नं.८ माथि छलफल भइ राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रमको तपशिल वमोजिम बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

**क)राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम**(शसर्त अनुदान)
नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) रु ८०००००।



प्रमुख प्रशासकीय अधिकृत २०७८/१०/१७

आशोक राई अध्यक्ष २०७८/१०/१७

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | लघुजलविधुतहरुको बार्षिक मर्मत सम्भार कार्यक्रम | १५००००/- |
| २ | सौर्य उर्जा प्रणाली जडान | ६५००००/- |
| | जम्मा | ८०००००/- |

**ख)नविकरणिय उर्जा प्रवर्द्धन ४००००० (नेपाल सरकार वितिय समानीकरण अनुदान)**

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | पावरहाउस घर निर्माण/मर्मत ( बुवाखोला १ लघुजलविधुत बालंखा आमचोक ४) | २०००००/- |
| २ | वडा नं ७ मा सोलर प्यानल ढुवानी तथा जडान | ३१०००। |
| ३ | उर्जा शाखा संचालन तथा व्यवस्थापन | १६९०००/- |
| | जम्मा | ४०००००/- |

प्रस्ताव नं.९ माथि छलफल भइ साना लघुजलविद्युत मर्मत सम्भार गरिदिनको लागि तपशिल वमोजिमको साना लघुजलविद्युतहरुको माग वमोजिम जि आइ जेड नेपाल र श्री कृष्ण गृल एण्ड ईन्जिनियरिङ्ग वक्स प्राईभेट लिमिटेड,विराटनगर महानगरपालिका वडा नं.१० वीच प्रदेश स्तरीय लघु जलविद्युत आयोजना सेवा केन्द्र स्थापना गरी लघुजलविद्युत मर्मत सम्भार सेवा प्रदान गर्न सम्झौता भए वमोजिम आमचोक गाउँपालिका र श्री कृष्ण गृल एण्ड ईन्जिनियरिङ्ग वक्स प्राईभेट लिमिटेड,विराटनगर महानगरपालिका वडा नं.१० वीच वीच वार्षिक रु ६००००। प्रति आयोजना भुक्तानी हुने गरी जम्मा ५ वटा आयोजनाको रु ३०००००। भुक्तानी दिने गरि सम्झौता गर्ने ।

- बुवाखोला १ लघुजलविधुत बालंखा आमचोक ४ (११.५ किलोवाट)
- वुवाखोला दोश्रो लघुजलविद्युत वासिङ्थर्पू आमचोक १ (९ किलोवाट)
- एखुवाखोला चिसापानी लघुजलविद्युत दुम्माना आमचोक ९ (३३ किलोवाट)
- एखुवाखोला दोश्रो लघुजलविद्युत आमचोक ३ (२२ किलोवाट)
- कावाखोला लघुजलविद्युत आमचोक ६ (१८ किलोवाट)

प्रस्ताव नं.१० माथि छलफल भइ आर्थिक वर्ष २०७८/७९ को अल्या दायित्व रकम शिर्षकवाट गाउँसभाले विनियोजित आवश्यक कानुन निर्माणको लागि परामर्श सेवा शिर्षकको रकमवाट परामर्शदाता मार्फत तपशिल वमोजिमको कानुन निर्माण गर्ने ।

क) आमचोक खानेपानी मर्मत सम्भार तथा संचालन ऐन २०७८

ख) आमचोक चिया तथा कफि विकास ऐन २०७८

ग) संस्था दर्ता ऐन २०७८

घ) घारे सामुदायिक कृषि फर्म संचालन कार्यविधि २०७८

ङ) मर्मत सम्भार कोष संचालन कार्यविधि २०७८

च) गरिव परिवारलाई चिया तथा कफि शेयर खरीद तथा वितरण मापदण्ड २०७८

प्रस्ताव नं.११ माथि छलफल भइ राजश्व सुधार योजना तयारी गर्नको लागि प्रदेश अन्तर्गत सूचिकृत परापर्शदाताहरु मध्ये ३ वटा परामर्श दातालाई प्रस्ताव माग गरी सार्वजनिक खरीद ऐन २०६३ र खरीद नियमावली २०६४ वमोजिम छनौट गर्ने ।

प्रस्ताव नं.१२ माथि छलफल भइ हाल यस गाउँपालिकाको लेखा प्रमुख सरुवा भइ गएको र अर्को व्यवस्था नभए सम्मको लागि कोलेनिकाले यस गाउँपालिकामा नापि कार्यालय दिंला भोजपुरवाट तलव भत्ता खानेगरी थप कामकाज गर्न सहलेखापाल श्री केसप सोरालीलाई पठाएकोले हाजिर भएको मितिदेखि लागु हुने गरी यस गाउँपालिकावाट शुरु तलव मानको ५० प्रतिशत प्रोत्साहन भत्ता उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर १ नं. प्रदेश नेपाल

अशोक राई अध्यक्ष

प्रस्ताव नं.१३ माथि छलफल भइ यस गाउँपालिकामा कोल्ड स्टोर भवन निर्माणको लागि २ रोपनी जग्गा आवश्यक भएकोले निशुल्क जग्गा दान गर्ने दाताहरुवाट आमचोक ४ को पूर्णडाडा देखि भिमेश्वरी स्कुलसम्म मूल सडक आसपासको जग्गा दानको लागि सूचना प्रकाशित गर्ने ।

प्रस्ताव नं.१४ माथि छलफल भइ उदयपुर जिल्ला वेलका नगरपालिका ६ र भोजपुर जिल्ला आमचोक गाउँपालिका ९ जोगेपाथर जोड्ने सुनकोशी/दुधकोशी झो.पु. सन्पेन्सन बृज डिभिजन श्रीमहल पुल्चोक ललितपुरवाट सम्पन्न भइ संचालनमा आए पश्चात विगत ५ वर्षदेखि यस भेगका जनसमुदायहरुलाई आवगमनमा सहजता भइरहेको तर २०७६ सालको वाढीको कारण पुलको उपल्लो वाइण्ड गार्ड केवुल चुडाउनुका साथै किनार उपल्लो तर्फको वाइण्ड गार्ड एन्कोरेज ब्लकमा बालुवा थेग्रिएको स्टिल डेक स्वयं जालि समेत क्षेति हुनुका साथै पुल कोल्टिएर अत्यधिक हल्लिने भइ आवगमनमा असहज र असुरक्षित हुनुको साथै थप जोखिम वढ्दै गएको हुँदा सहज र सुरक्षित आवगमनको लागि पुलको यथोचित व्यवस्था गरिदिन पूर्वाधार विभाग सन्पेन्सन बृज डिभिजन श्रीमहल पुल्चोक ललितपुरलाई अनुरोध गरि पठाउने ।

प्रस्ताव नं.१५ माथि छलफल भइ वडा नं ७ मा सोलर प्यानल ढुवानी तथा जडानमा भएको खर्च रकम वडा कार्यालयको सिफारिस वमोजिम रु.३१०००। नेपाल सरकार वित्तिय समानीकरण अनुदान तर्फ नविकरणिय उर्जा प्रवर्द्धन कार्यक्रममा विनियोजित रकमवाट भुक्तानी दिने ।

प्रस्ताव नं.१६ माथि छलफल भइ वडा नं ६ वयाङ वजारमा सडक निर्माणको क्रममा खानेपानीको पाइप अवरुद्ध भएकोले प्राविधिकको लागत अनुमान वमोजिम वढीमा ४० एम एमको ३०० मीटर पाइप उपलव्ध गराउने ।

प्रस्ताव नं.१७ माथि छलफल भइ युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्को मिति २०७८/०९/१९ को स्थानीय तहमा खेल पूर्वाधार निर्माणको लागि आवेदन माग भए वमोजिम गाउँपालिकावाट ५० प्रतिशत श्रोत व्यहोर्ने गरी आमचोक ४ को बालंखा खेलमैदान निर्माणको लागि जम्मा रु.४ करोडको प्रस्ताव पेश गर्ने ।

प्रस्ताव नं.१७ माथि छलफल भइ मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय अन्तर्गत संचालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फ नव-प्रवर्तन साझेदारी कोष कार्यन्वयन निर्देशिका २०७८ वमोजिम प्रस्ताव माग भए वमोजिम गाउँपालिकावाट ३० प्रतिशत हुन आउने रकम साझेदारी गर्ने गरी 'युवासंग कृषि परियोजना' शिर्षकमा प्रस्ताव पेश गर्ने ।

प्रस्ताव नं.१९ माथि छलफल भइ जिल्ला अपाङ्गता रोकथाम तथा पुनउत्थान संघको आयोजनामा ३० औं अन्तराष्ट्रिय अपाङ्गता दिवश मनाउनको लागि आमचोक गाउँपालिकालाई रु ७०००। रकम माग भए वमोजिम राजश्व अनुदान शिर्षक अन्तर्गत अन्य सहायता शिर्षकवाट भुक्तानी दिने ।

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
१ नं. प्रदेश, नेपाल

२०७८/१०/१८

प्रमुख प्रशासकीय अधिकृत

२०७८/१०/१८

अशोक राई
अध्यक्ष